**मिति २०७९ असोज ९ गते आईतबार (वि.सं.२०७९।६।९) तुलसीपुर उपमहानगरपालिकाको चौथो कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिका ५नं. वडा कार्यालयको च.नं. ४६७ मिति २०७९।५।२७ गते को सिफारिस पत्र बमोजिम तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा रहेको मितेरी युवा कलवले ५ नं. वडाको ज्योती टोलको पातु खोला पक्कि पुलको उत्तरमा रहेको खाली बगर क्षेत्रमा मिति २०७९।६।२५ गते देखि मिति २०७९।७।१५ गते सम्म दशै तथा दिपावलीको उपलक्षमा दोहोरी तथा नृत्य प्रतियोगिता कार्यक्रम सञ्चालन गर्न स्वीकृती माग गरिएकोमा दोहोरी तथा नृत्य प्रतियोगिता सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका वडा नं. १५ मा रहेको MRD Dance Audio को मिति २०७९।५।२७ गतेको निवेदन पत्र बमोजिम उक्त स्टुडियोले तुलसीपुरमा मिति २०७९।६।१ गते देखि तुलसीपुरमा Dang Tulsipur Dance Idol Season 1 सञ्चालनका लागि अनुमति माग गरिएकोले मेलाको कार्यक्रम सञ्चालन नगरी मात्र प्रतिभा प्रस्फुटनका लागि प्रतियोगितात्मक Dace प्रतियोगिताका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

जेष्ठ नागरिक जिल्ला संघको च.नं. ५ मिति २०७९।५।२४ गतेको पत्र बमोजिम उक्त संघले प्रकाशन गर्न लागेको स्मारिकाका लागि रु. ५००००।(पचास हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाको प्रभावकारी सडक सञ्जाल निर्माणको आवश्यक्तालाई दृष्टिगत गरी तुलसीपुर बाहिरी चक्रपथको सम्भाब्यता अध्ययन गुरुयोजना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाको बृहत्तर बिकासको सम्भावना बोकेको ग्वारखोला बबई करिडोरको गुरुयोजना निमार्ण गर्ने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
मेयर

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**मिति २०७९ असोज ९ गते आईतबार (वि.सं.२०७९।६।९) तुलसीपुर उपमहानगरपालिकाको चौथो कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. ६**

ग्रामिण वडाको रुपमा रहेका तुलसीपुर ३ का बासिन्दाहरुको सवारी आवागमनलाई प्रभावकारी बनाउन तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ को पातुखोलाको शिरखोलामा पक्कि पुलको गुरुयोजना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा अवस्थित बसपार्क गुरुयोजना Review गरी दोश्रो चरणको निर्माणका लागि नगरबिकास कोषमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

बृहद दाङ्ग एकिकृत योजना Emobility अध्ययनका लागि नगरबिकास कोषमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिका ५ नं. वडा मा हरेको मासु मार्केट क्षेत्रमा Agromeat Mart PPP Model बाट सञ्चालनका लागि अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १६ मा रहेको औद्योगिक ग्रामको बृहद गुरुयोजना तयार गरी HEFAR बाट तयार गरिएको Slaughter House को DPR कार्यान्वयनका लागि अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ को बिस्मुरे ठुलासम्मा जाने बाटोको चित्रबहादुर केसीको खेतनेर गहते खोलामा पक्कि पुलको गुरुयोजना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ को बसपार्कमा टर्मिनल भित्र सेड,सेफ्टीटयाङ्कि र कम्पाण्ड वाल निर्माण गर्ने तथा सोमा भएको लगत ईष्टिमेट बमोजिमको रकम आगामी आ.ब २०८०/०८१ मा तुलसीपुर उपमहानगरपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

(२)

**टिकाराम खड्का**
**मेयर**

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३



**मोहन पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

**मिति २०७९ असोज ९ गते आईतबार (वि.सं.२०७९।६।९) तुलसीपुर उपमहानगरपालिकाको चौथो कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १३**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ को प्रतापकोटमा रहेको नगर स्वास्थ्य केन्द्रमा ३ नं. वडा कार्यालयको मिति २०७८।८।९ गते बसेको ३ नं वडा समितिको बैठकको निर्णय बमोजिम कर्मचारी अभावको कारण १ जना अ.हे.व. र १ जना अ.न.मि.२०७८।८।१३ गतेबाट दैनिक रु ६३३। ज्याला रकम पाउने गरी डोरहाजिरी फाराम भरि कामकाजमा लगाईको मा ३ नं. वडा कार्यालयमा रकम अभावका कारण निजहरुले कामकाज गरेको मिति देखि हाल सम्म ज्याला पाउन नसकेको भनि सम्बन्धित वडाका अध्यक्षबाट जानकारी गराईएको र ३ नं. वडा समितिको सो सम्बन्धमा मिति २०७८।८।१२ को टिप्पणी बमोजिम अ.हे.वे ममता रेउले र अ.न.मि. अश्मी वलीलाई टिप्पणी उठान भएका मिति देखि हाल सम्मको दैनिक रु ६३३। ज्याला यस तुलसीपुर उपमहानगरपालिकाले भुक्तानी गर्ने साथै कार्यालय सहयोगी दुर्गी कुमारी रावलका सम्बन्धमा समेत ३ नं. वडा कार्यालयको मिति २०७८।८।१० गतेको टिप्पणी बमोजिम दैनिक रु ५१६। ज्याला उक्त मिति देखि हाल सम्म डोरहाजीरी फाराम बमोजिम यस उपमहानगरपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १४**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ र ७ को बीचमा पर्ने गैरापातुको पातुखोलामा पक्कि पुलको गुरुयोजना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ बसपार्क क्षेत्र अन्तरगतको तुलसीपुर-सुर्खेत सडकको उत्तर,टेक्टर व्यवसायी समितिको कार्यालय देखि पश्चिम,सार्बजनिक शौचालय देखि पूर्व र बधशाला देखि दक्षिणको जमिन हाल खालि भई राजश्व रमेत गुमेको, अनाधिकृत ब्यक्तिहरुबाट अतिक्रमण हुनसक्ने अवस्था रहेकोले सो जग्गालाई ५ नं. वडा कार्यालयले कानुन बमोजिम प्रतिस्पर्धाबाट गराई आवश्यक प्रकृया पुरा गरी भाडामा लगाई सोबाट उठेको राजश्व यस उपमहानगरपालिकामा जम्मा गर्ने साथै तुलसीपुर ५ बसापार्क क्षेत्रमा रहेको दाङ्ग टेक्टर तथा यातायात ढुवानी सेवा प्रालिको कार्यालय अघिको जग्गा समेत प्रतिस्पर्धा गराई आवश्यक कानुनी प्रकृया पुरा गरी अस्थाई संरचना बनाई भाडामा लगाउन ५ नं. वडा कार्यालयलाई जिम्मेवारी दिने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. १६**

हालैको वर्षातका कारण बिभिन्न वडाहरुमा भएको भौतिक संरचना तथा बाटोघाटोमा भएको क्षेति समेतलाई दृष्टिगत गरी तत्काल मर्मत सम्भार गर्नु पर्ने भएको तर यस उपमहानगरपालिबाट एकै पटक सबै वडाहरुमा यान्त्रीक साधन उपलब्ध गराउन नसकिने भएकोले १ देखि १९ वडामा बिपद जन्य कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि वडाबाटै यान्त्रीक साधनको व्यवस्था गर्ने र



मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
मेयर

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

सोको ईन्धन बापतको रुकम प्रति वडा रु २०००००।(दुईलाख मात्र) चालु आ.ब.को बजेट बाट वडाको कार्यप्रगति विरण का आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ को अश्वारा देखि वडा नं. २ को खैरीपुर जोडने भमके खोलामा पक्कि पुलको गुरुयोजना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १४ बस्ने हिराबहादुर खत्रीले निजको नाममा दर्ता श्रेष्ता रहेको साबिक डुरुवा गाबिस नक्सा नं. ९ख कि.नं. ६०१ को क्षे.फ.००७४०।०९ जग्गा वडा नं. १४ को डवाङपुर नगर स्वास्थ्य केन्द्रको नाममा एकलौटी रजिष्ट्रेशन पास गरी दान दिने भनि निवेदन प्राप्त भएको र सो सम्बन्धमा तुलसीपुर उपमहानगरपालिका जनस्वास्थ्य प्रवर्द्धन शाखाको च.नं. १९९ मिति २०७९।६।७ बाट नगर स्वास्थ्य केन्द्रका नाममा नामसारीका रुपमा प्रकृया अघि बढाउनका लागि सिफारिस समेत भएकोले निज हिराबहादुर खत्रीका नाममा रहेको उक्त जग्गा आवश्यक प्रकृया पुरा गरी नगर स्वास्थ्य केन्द्र ड्वाङपुरका नाममा रजिष्ट्रेशन पास गरी लिने निर्णय गरियो ।

**निर्णय नं. १९**

तुलसीपुर उद्योग बाणिज्य संघको च.न. ३३ मिति २०७९।६।२ गतेको पत्रबाट तुलसीपुर दाङ्गमा औद्योगिक,कृषि तथा पर्यटन प्रवर्द्धनका लागि तुलसीपुर महोत्सव २०७९ सञ्चालनका लागि स्वीकृती माग भएकोले बजारको सवारी आवागमन तथा शान्ति सुरक्षाको उचित प्रबन्ध गरी तुलसीपुर महोत्सव २०७९ सञ्चालनको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ को च.नं. ८७७ मिति २०७९।६।९ गतेको पत्र तथा १२ नं. वडा समितिको मिति २०७९।६।८ गते बसेको वडा पालिकाको बैठकको निर्णय बमोजिम वडा नं. १२ को चेतना टोलको सडकमा बिनियोजित रकम रु १८१६२९०।(अठार लाख सोह्र हजार दुई सय नब्बे मात्र) लाई रकमान्तर र शिर्षकान्तर गरी वडा नं. १२ को क्वागि थारुगाउको सडक कालोपत्रेमा लगाउने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
मेयर

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**मिति २०७९ असोज ९ गते आईतबार (वि.सं.२०७९।६।९) तुलसीपुर उपमहानगरपालिकाको चौथो कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. २१**

तुलसीपुर उपमहानगरपालिकाको बिगतको नगर कार्यपालिका बैठकबाट तुलसीपुरका सडकहरुको लगत कट्टि गर्ने निर्णय बमोजिम वडा नं. ८ र ६ मा कार्यप्रारम्भ भएको तर अन्य वडाहरुमा कार्यान्वयन नभएकोले सबै वडाहरुमा अबिलम्ब लगत कट्टिको कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २२**

तुलसीपुर उपमहानगरपालिकाको सेवा प्रभाहलाई प्रभावकारी,सरल सहज र पेपरलेस समेत बनाउनका लागि डिजिटल सफ्टवयरबाट सिफारिस जन्य कार्य गर्दा छिटो छरीतो समेत हुने भएकोले उक्त सफ्टवयर उपलब्ध गराईदिनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

तुलसीपुर उपमहानगरपालिकामा लोकसेवा आयोगबाट सिफारिस भई आएका तथा मन्त्रालयबाट समायोजन भई आएका अमिनहरु सरुवा तथा बढुवा भई गएकोले हाल अमिनको संख्या नपुग देखिएकोले यस तुलसीपुर उपमहानगरपालिकाको अमिनको दरबन्दी भित्र रहि कार्यालयको आवश्यक्ता बमोजिम सरुवा समायोजनको सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. २४**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १ को च.नं. ४२९ मिति २०७९।६।५ गतेको सिफारिस पत्र तथा १ नं. वडा समितिको मिति २०७९।५।३० गते बसेको वडापालिकाको बैठकको निर्णय नं. ५ बमोजिम तुलसीपुर उपमहानगरपालिका वडा नं. १ अन्तरगृत बि.सं २०४२ सालमा स्थापना भई हाल प्राबि तह सम्म सञ्चालन भएको धारापानी प्राथमिक बिद्यालयले पुर्ब मनकामना सामुदायीक बन,पश्चिम दमारगाउ बस्ती,उत्तर चिउरीडाडा बस्ती र दक्षिणमा दमारेखोला यति चारकिल्ला भित्रको लम्बाई १०० मि.चौडाई ८० मिटर भएको जम्मा क्षे.फ.१-३-१२ भएको जग्गा शुद्ध ऐलानी जग्गा भएको र कोहि कसैको नाममा कहि कतै नापनक्सा नभएको एकलौटी रुपामा बिद्यालयले नै भोगचलन उपभोग गर्दै आएको तथा उक्त चारकिल्ला भित्रको ०-१५-० क्षेत्रफलको खेलमैदान समेत शुद्ध ऐलानी प्रति जग्गा तथा बिद्यालयले नै हकभोग गर्दै आएको जग्गा भएकोले कुनै सरकारी तवरबाट बजेटको व्यवस्था गरी बिद्यालय संरचना निर्माण गर्दा असर नपरी बिद्यालय हितमा हुने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**मिति २०७९ असोज ९ गते आईतबार (वि.सं.२०७९।६।९) तुलसीपुर उपमहानगरपालिकाको चौथो कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. २५**

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको मिति २०७९।४।३ गते बसेको बैठकको नि.नं. ३ बाट साबिकमा बिभिन्न कार्यक्रम अन्तरगत रहेका कोषहरु यस तुलसीपुर उपमहानगरपालिकामा हस्तान्त्रण भएको र कतिपय कोषहरु अब्यवस्थित भई रकम समेत डुबेको अवस्था अध्ययन बिश्लेषण गरी प्रतिवेदन पेश गर्न गठित समितिको सदस्य सचिव मा अधिकृत सातौं तहका श्री टोपबहादुर डागी लाई सदस्य सचिवको जिम्मेवारी प्रदान गरिएकोमा निजको बिपद ब्यवस्थापन शाखामा कार्यब्यस्तताका कारण सदस्य सचिव भई काम गर्न असहज भएकोले निजको स्थानमा सहायक स्तर पांचौ तहका श्री होम बहादुर वली लाई सदस्य सचिव मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

भूमि सम्वन्धी समस्या समाधान आयोग २०७६ को भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यबिधि २०७६ र राष्ट्रिय भूमि आयोगको ब्यवस्था अनुसार अनुसूचि ३ र ४ मा रहेको लगत फाराम वेयभसाईटमा प्रबिष्टी गराउने तथा रुजु गर्ने प्रयोजनार्थ तपसिलको ब्यक्तिहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

<u>तपसिल</u>

१.श्री माधव वली अधिकृत छैठौं

२. श्री झरेन्द्र कुमार खरेल ,,

३. श्री किरण गौतम रोजगार संयोजक

४.श्री सबिन के.सी. सूचना प्रबिधि अधिकृत

५. श्री सागर सुवेदी तथ्याङ्क सहायक(पांचौ तह)

साथै लगत प्रबृष्टिको लागि प्रति फाराम रु ६०।(साठी रुपैया मात्र) उपलब्ध गराउने र सो कार्यको लागि सो बिषय संग दक्षता भएका कुनै ब्यक्ति,संस्था वा कम्पनीलाई समेत उपलब्ध गराउन सक्ने निर्णय गरियो ।

निर्णय नं. २७

तुलसीपुर उपमहानगरपालिका वडा नं. १ बस्ने फडेश्वर भुसालको घरमा चटयाङ लागि भौतिक क्षेती भएको प्रत्यक्ष अनुगमनबाट देखिएकोले निजलाई राहत स्वरुप रु १०००००।(एकलाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।





मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
मेयर

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**मिति २०७९ असोज ९ गते आईतबार (वि.सं.२०७९।६।९) तुलसीपुर उपमहानगरपालिकाको चौथो कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. २८**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ स्थित हाम्रो पहुच सेकेन्डरी स्कुलले सहकारी अन्तरगतबाट सञ्चालनको अनुमति माग गरेको र सो सम्बन्धमा तुलसीपुर उपमहानगरपालिका ७ नं वडा कार्यालयको च.नं. ३६ मिति २०७९।४।३ गतेको सिफारिस पत्र बमोजिम उक्त बिद्यालयलाई तुलसीपुर उपमहानगरपालिका सहकारी बिद्यालय स्थापना,अनुमति,सञ्चालन सम्बन्धी निर्देशिका,२०७८ को दफा ५(१) बमोजिम हाम्रो पहुच बहुउद्देशश्यीय सहकारी संस्था लिमिटेडको मातहतमा रहि सञ्चालन हुने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

आउदै गरेका बिजया दशमी,शुभदिपावली र छट पर्वका अवसरमा समस्त नगरबासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३